ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

**माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा समाविष्ट रूपक विधा**

इन्दिरा राई

महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

indurai230@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77310

**लेखसार**

माध्यमिक तहमा नेपाली विषयअन्तर्गत रूपक विधाको शैक्षणिक प्रयोजनमा आधारित यस अध्ययनमा रूपक शिक्षणको मुख्य प्रयोजन हाउभाउसहितको बोलाइ सिप रहेको कुरा सुनिश्चित गरिएको छ । रूपक विधाअन्तर्गत माध्यमिक तहको पाठ्यक्रम २०७८ (कक्षा ९ र १०) नेपाली विषयमा समावेश गरिएको संवाद, वक्तृता, वादविवाद, मनोवाद र एकाङ्की उपविधालाई लिइएको छ । यस अनुसन्धानका सन्दर्भमा मूल उद्देश्य माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा समावेश गरिएका रूपक विधाको शैक्षणिक प्रयोजनको विश्लेषण गर्नु हो । प्रस्तुत लेख तयारीका क्रममा प्राथमिक सामग्रीका रूपमा वर्तमान माध्यमिक तहको पाठ्यक्रमलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा पुस्तकालयीय अध्ययनबाट प्राप्त सामग्रीको प्रयोग गरिएको छ । सामग्री विश्लेषण गर्दा व्याख्यात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । यसरी नेपाली भाषा पाठ्यक्रमको मुख्य प्रयोजन भनेकै सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सिपको शिक्षण गर्नु हो । त्यसका लागि विभिन्न विधाहरू समावेश गरिएको छ । त्यसमा पनि रूपक विधाको मुख्य प्रयोजन भनेकै हाउभाउ सहितको बोलाइ शिक्षण हो । यसरी रूपक विधाको सामान्य प्रयोजन सम्पूर्ण भाषिक सिपको प्राप्ति भए पनि यसको उपविधाअनुसार प्रयोजन पनि विशिष्ट हुन्छ । यसरी प्रयोजन फरक फरक हुने भएकाले भाषिक सिपको प्रभावकारी शिक्षणका लागि विभिन्न विधा र उपविधाहरूको शिक्षण गरिनु पर्छ भन्ने निष्कर्ष यस लेखमा प्रस्तुत गरिएको छ ।

*शब्दकुञ्जी :* रूपक, उपविधा, प्रयोजन, भाषिक सिप, भाषा पाठ्यक्रम, माध्यमिक ।

**विषयपरिचय**

नेपाली भाषा पाठ्यक्रम भन्नाले नेपाली भाषा शिक्षणका लागि बनाइएको व्यवस्थित र योजनाबद्ध शैक्षणिक कार्यक्रम भन्ने बुझिन्छ । पाठ्यक्रम भनेको विद्यार्थीलाई के पढाउने, कति पढाउने, कसरी पढाउने, पढाएको कुरालाई कसरी मूल्याङ्कन गर्ने भन्ने कुराको योजना हो । भाषा पाठ्यक्रमका सम्बन्धमा पौडेल, भट्टराई र बराल (२०७९) ले भाषाका सिप, दक्षता तथा प्रस्तुतिगत कलामा निखार ल्याउनका लागि तयार गरिएको भाषिक सिपसम्बद्ध व्यवस्थित, योजनाबद्ध शैक्षणिक कार्यक्रमलाई भाषा पाठ्यक्रम मानेका छन् । नेपाली भाषा नेपालको राष्ट्र भाषा हो, साथै शिक्षा, सञ्चार, सरकारी कामकाज र आपसी सम्पर्कको माध्यम भाषा पनि हो । मानिस सामाजिक र चेतनशील प्राणी भएकाले उसले प्राप्त गर्ने ज्ञान र सामाजिक व्यवहार भाषामा नै आधारित हुन्छ त्यसैले भाषा मानिसका लागि अपरिहार्य वस्तु हो । त्यसैले पनि नेपालमा नेपाली भाषाशिक्षण आवश्यक देखिन्छ र भाषा शिक्षणलाई प्रभावकारी रूपमा सैद्धान्तिक मार्गदर्शन गर्ने काम भाषा पाठ्यक्रमको हो । भाषा शिक्षणको मूल उद्देश्य सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपमा कुशलता सिर्जना गर्दै भाषातत्त्वसम्बन्धी ज्ञान अभिवृद्धि गर्नु हो । त्यसैले भाषा पाठ्यक्रम भाषा शिक्षणको

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

प्रभावकारी योजना हो । यसरी भाषिक सिपसँग सम्बन्धित शिक्षणको मार्ग दर्शन गर्नका लागि भाषा पाठ्यक्रममा विभिन्न विधाहरू समावेश गर्नुपर्छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८ कक्षा ९ र १० मा नेपाली भाषाअन्तर्गत कविता, कथा, निबन्ध, व्यावहारिक लेखन, जीवनी, रूपक जस्ता विधा राखिएको पाइन्छ । पाठगत रूपमा राखिएका विधालाई शब्दभण्डार, वर्णविन्यास, कार्यमूलक व्याकरणमा उपयोग गर्न अनिवार्य हुन्छ । त्यसै गरी पाठ श्रवण, उच्चारण, सस्वर र मौनपठन, शब्दको अर्थ र वाक्यमा प्रयोग, प्रश्नोत्तर, कथा कथन, कथा निर्माण, बुँदा टिपोट, व्याख्या सारांश लेखन, घटनाक्रम मिलाउने लगायत सस्वर वाचन, संवाद, मनोवाद र दैनिकी लेखन, भूमिका अभिनय, चिठी, विज्ञापन, समवेदना, निमन्त्रणा लगायतका व्यावहारिक लेखनका लागि माध्यमिक तहमा रहेको विधाहरू उपयोगी रहेको देखिन्छन् (पोखरेल र अन्य, २०७३, पृ. ८१) । ती विधा शिक्षणको प्रयोजन फरक फरक रहेको छ । शिक्षण प्रक्रियाहरू सामान्य र विशिष्ट हुन्छन् । सामान्य शिक्षण प्रक्रिया भन्नाले जुनसुकै विधा शिक्षण गर्दा पनि अपनाउन सकिने साझा प्रक्रिया भन्ने बुझिन्छ । माध्यमिक तहमा सामावेश गरिएको विधा शिक्षणको सामान्य प्रक्रियालाई हेर्दा सर्वप्रथम सम्बन्धित विधागत पाठको सामान्य परिचय दिई त्यसको उद्देश्यमाथि प्रकाश पार्नुपर्ने देखिन्छ । त्यसपछि आदर्श पठन, उच्चारण अभ्यास, सस्वरपठन अभ्यास, शब्दार्थ निवारण र स्वतन्त्र प्रयोग, मौनपठन, बोधात्मक प्रश्नोत्तर, छलफल, मौखिक व्याख्या, श्रुतिलेखन, भाषातात्त्विक अभ्यास आदि कार्यकलाप वा शिक्षण प्रक्रियाहरू आवश्यकताअनुसार सञ्चालन गर्नुपर्ने हुन्छ । यी सामान्य प्रक्रियाको समाप्तिपछि नै विधागत विशिष्टता र तिनका भाषिक अपेक्षाअनुरूपका कार्यकलाप वा शिक्षण प्रक्रियातर्फ प्रस्थान गर्नु राम्रो हुन्छ (पौडेल,२०७६, पृ.६) । यसरी माध्यमिक तहमा विभिन्न विधाहरू समेटेर पाठहरू राखिएका छन् । ती विधा शिक्षणको प्रयोजन फरक फरक रहेको छ ।

माध्यमिक तहमा सामावेश गरिएको विधा शिक्षणको सामान्य प्रयोजनलाई हेर्दा सर्वप्रथम सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकास गराउने रहेको देखिन्छ । त्यसका साथै साहित्यिक पाठप्रति अभिरुचि जगाई त्यसबाट रसास्वादन गराउने, विधागत संरचना र प्रस्तुतीकरणसँग परिचित तुल्याउने, भाषातत्त्वको व्यावहारिक प्रयोगसँग साक्षत्कार गराउने, शब्दभण्डारको साथै कल्पना शक्तिको विकास गराउने, घटनाक्रमको स्मरण साथै विश्लेषण गर्ने क्षमता विकसित गरी बौद्धिक विकास साथै चौतर्फी विकासको आधार तयार गर्नु रहेको देखिन्छ । विशिष्ट रूपमा हेर्दा हरेक विधा शिक्षणको प्रयोजन फरक फरक रहेको देखिन्छ । विधाहरूको शिक्षण प्रयोजनअनुसार प्रक्रिया हुने भएकाले यस अध्ययनमा माध्यमिक तह कक्षा ९ र १० मा समाविष्ट रूपक विधाको शिक्षण प्रयोजन के कस्तो रहेको छ भन्ने समस्यामा केन्द्रित भएर यो अध्ययन तयार गरिएको छ । माध्यमिक तहको पाठ्यक्रम २०७८ को नेपाली भाषा पाठ्यक्रमअन्तर्गत रूपक विधाको परिचय, आवश्यक्ता र शैक्षणिक प्रयोजनमा मात्र यो अध्ययन सीमित रहेको छ । यसरी समस्यामा उठाइएको प्रश्नको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो । त्यसैले प्रस्तुत लेख माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा समावेश गरिएका रूपक विधाको शैक्षणिक प्रयोजनको विश्लेषण गर्नुमा केन्द्रित रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धानको ढाँचाअनुसार पुस्तकालयीय कार्यबाट तयार गरिएको हो । माध्यमिक तहको पाठ्यक्रम २०७८ कक्षा ९ र १० को नेपाली पाठ्यक्रमलाई अध्ययनको मूल सामग्री मानी अध्ययन गरिएको छ । द्वितीयक स्रोतका रूपमा विभिन्न पुस्तक, पाठ्यपुस्तकमा लेखिएका सामग्रीको उपयोग गरिएको छ । त्यसैगरी रूपक

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

विधा शिक्षणको प्रयोजनसम्बन्धी लेखिएका विविध अध्ययन सामग्रीहरूलाई पनि आवश्यकताअनुसार उपयोग गरिएको छ । सामग्री विश्लेषण गर्दा वर्णनात्मक, विश्लेषणात्मक र व्याख्यात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

## नतिजा र छलफल

### रूपक विधाको परिचय

रूपक अभिनय प्रधान विधा हो । अरूको रूपको आरोपित गर्नु नै रूपक हो । अनुकरणात्मक प्रक्रियाद्वारा अर्काको रूप, वेशभूषा, व्यवहार, बोली एवं चारित्रिक विशेषतालाई अभिनयात्मक रूपमा प्रस्तुत गर्ने विधालाई रूपक भनिन्छ । रूपक भनेको अर्काको अनुकरणात्मक प्रतिनिधित्व गरेर रूप वेशभूषा, व्यवहार बोली, हाउभाउ, आनाबानी, स्वभाव र चारित्रिक विशेषताहरूको अभिनय गरेर देखाउने किसिमको श्रव्यदृश्यात्मक विधा हो । त्यसैले यसको मूल उपयोग मौखिक अभिव्यक्ति र जीवन्त अभिनय सिप विकासका लागि हुने गरेको देखिन्छ (पौडेल, २०७९, पृ. १६ ) । रूपक मूलतः मौलिक अभिव्यक्तिसँग सम्बन्धित छ । अनुकरणनात्मक प्रक्रियाद्वारा अर्काको विभिन्न रूप र विशेषतालाई अभिनयात्मक रूपमा प्रस्तुत गर्ने विधालाई रूपक भनिन्छ (पोखरेल र काफ्ले, २०७४, पृ.३२) । यो कथ्य भाषासँग सम्बन्धित हुने भएको हुँदा कथ्य भाषाको स्वाभाविकता र सहजतालाई यसमा विशेष महत्त्व दिइन्छ । जसको चरित्रको अभिनय गर्ने हो त्यसको बानी व्यवहारलाई, भाषिक र भाषेत्तर (मुखमुद्रा, हाउभाउ, अङ्ग सञ्चालन) व्यवहारलाई प्रसङ्ग अनुकूल बनाउनु जरुरी हुन्छ । अरूका बानी व्यवहारलाई प्रस्तुत गर्ने कुरासँग मात्र यो सम्बन्धित छैन । आफ्ना विचार र भावनालाई श्रोतासामु सजीव र प्रभावकारी रूपमा प्रस्तुत गर्ने कुरा पनि यसमा हुन्छ । श्रोताको स्तर र परिवेशअनुसारको भाषा र अभिव्यक्तिगत स्वाभाविकता विकास गर्नु रूपक विधा शिक्षणको प्रयोजन हो । श्रोता दर्शकलाई ज्ञान र मनोरञ्जन दिनु अनि अभिनय कर्ताको सन्तुष्टिका लागि पनि यो उपयोगी हुन्छ । रूपकले मान्छेलाई मौखिक भाषामा अभ्यस्त बनाएर, हाउभाउ मुखमुद्रा मिलाएर प्रभावकारी रूपमा अभिनयात्मक भाषाको प्रयोग गर्ने सिप सिकाउँछ । रूपक विधाको प्रयोजन स्वतन्त्र लेखन र सहज प्रस्तुतीकरण गर्न सक्ने क्षमताको विकास गर्नु हो (राई, २०७५, पृ.९४) । माध्यमिक तहको भाषा पाठ्यक्रम २०७८अनुसार नेपाली भाषा शिक्षणलाई प्रभावकारी बनाउने उद्देश्यले विभिन्न विधाहरू समावेश गरिएका छन् । त्यसमध्ये रूपक विधा पनि एक हो । यसअन्तर्गत वादविवाद, वक्तृता, संवाद, मनोवाद र एकाङ्कीलाई माध्यमिक तहमा समावेश गरेको पाइन्छ ।

### *रूपक विधा शिक्षणको आवश्यकता*

भाषा सिकाइ शून्यमा नहुने भएकाले भाषा सिकाइका लागि विभिन्न विषयवस्तुको प्रयोग गर्नुपर्छ । विभिन्न विषयक्षेत्रका विषयवस्तुलाई भाषा सिक्ने माध्यम बनाई भाषाको बोध र अभिव्यक्तिगत दक्षता अभिवृद्धि गर्न भाषाशिक्षणको प्रमुख ध्येय रहेको हुन्छ । भाषाशिक्षण गर्नुको अर्थ विषय वस्तुको शिक्षण नभई भाषाका चार सिप सुनाइ र पढाइद्वारा सिकारुमा बोध अनि बोलाइ र लेखाइद्वारा अभिव्यक्ति सिपको विकास हुन्छ तर यी भाषिक सिपहरू त्यत्तिकै सिकाउन सकिँदैन । त्यसका लागि विषयजन्य ज्ञानसँग भाषाको विशेष सम्बन्ध हुन्छ भन्ने कुरा बुझ्नु जरुरी हुन्छ, यही भएर भाषाका पाठयपुस्तकमा विषयजन्य ज्ञानसँग सम्बन्धित विभिन्न पाठहरूलाई एउटा निश्चित ढाँचा वा स्वरूपमा ढालेर प्रस्तुत गरिएको हुन्छ (बराल, २०७४, पृ.३२) । भाषा शिक्षण भनेको सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सिप र शैलीहरूको शिक्षण हो । त्यसैले भाषा शिक्षणका लागि विभिन्न विषयवस्तुलाई विभिन्न विधामा ढालेर पाठको स्वरूप दिई निर्माण गरिन्छ । विधा भन्नाले शैलीगत भिन्नता वा त्यसबाट छुट्टिने प्रकार भन्ने

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

बुझिन्छ । कथा, कविता, निबन्ध, जीवनी, रूपक आदि शैलीकै आधारमा छुट्टिने प्रकार भएकाले यिनलाई विधा भनिएको हो ।

भाषा पाठ्यपुस्तकमा विषयगत र विधागत विविधता भएका पाठ्यांशहरू समाविष्ट हुनु आवश्यक ठानिन्छ । भाषा पाठ्यपुस्तकमा समावेश गरिने विषयजन्य ज्ञानलाई संरचनागत र प्रस्तुतीकरणगत ढाँचा वा स्वरूपमा ढालेर अभिव्यक्त गरिने हुँदा प्रत्येक पाठ्यांशले फरक फरक किसिमले विद्यार्थीमा रुचि जगाइ सिक्ने कुरामा उनीहरू जागरुक हुन्छन् । प्रत्येक पाठको संरचनात्मक ढाँचा (विधा) को भिन्नताले सिकारुको सिकाइलाई गति प्रदान गर्छ । (ढकाल, २०७४, पृ.४८) जसले गर्दा प्रभावकारी भाषा शिक्षणको लागि माध्यमिक तहमा विधा शिक्षणका आवश्यकता छ । यसरी भाषा पाठयपुस्तकको मुख्य अपेक्षा भनेको भाषिक सिप र ज्ञानमा अभिवृद्धि गर्नु भएकाले विधा र पाठहरू पनि सोही कुरामा केन्द्रित हुन्छन् । भाषा पाठयपुस्तकमा कथा, कविता, निबन्ध, जीवनी, रूपक, चिठी, दैनिकी जस्ता विधागत समिश्रणभित्रै भाषा तत्त्वहरू समावेश गरिएका हुन्छन् । (पोखरेल, २०७४, पृ.२८) माध्यमिक तहका पाठ्यक्रमले राखेको भाषिक उद्देश्य प्राप्तिका लागि विधा शिक्षणको आवश्यकता छ । प्रत्येक विधाको संरचना साथै विशेषता र शैक्षणिक महत्त्व पनि फरक हुन्छ । यसरी भाषिक सिप र शैली नै विभिन्न प्रकारको भएकाले भाषा सिकाइको लागि विभिन्न विधा शिक्षणको उपयोग गर्नुपर्छ ।

विधाहरूमध्ये रूपक विधा पनि एक महत्त्वपूर्ण विधा हो । यसको प्रमुख आवश्यकता विद्यार्थीहरूको बोलाइ सिप प्रभावकारी बनाउनु हो । साथै अन्य भाषिक सिप र भाषिक क्षमता विकास गराउन, बोध अभिव्यक्तिगत क्षमता विकास गराउन, साहित्य र साहित्येतर विषयको रुचि र ज्ञान विकास गराउन, सृजनशील र अन्तर्निहित क्षमता विकास गराउन, काल्पनिक र स्मरण क्षमता विकास गराउन, शब्दभण्डार तथा वाक्यरचना क्षमता विकास गराउन, समालोचनात्मक सिपको विकास गराउन, विभिन्न विषयवस्तु र परिवेशसँग परिचित गराउन, ज्ञान, मनोरञ्जन उपदेश, प्रेरणा र मौलिकताको विकास गराउनका साथै व्यक्तित्व विकास गराउन, मानवीय मूल्य र आदर्शको विकास गराउन आदिका लागि पनि रूपक विधा शिक्षणको आवश्यक्ता रहेको छ ।

### *माध्यमिक तहमा समाविष्ट रूपक विधा शिक्षणको प्रयोजन*

माध्यमिक तहको भाषा पाठ्यक्रम समयअनुसार परिवर्तन र परिमार्जन हुँदै आएको पाइन्छ । यहाँ वर्तमान नेपाली भाषाको पाठ्यक्रम २०७८अनुसार कक्षा ९ र १० मा समाविष्ट रूपक विधा र त्यसअन्तर्गत पर्ने उपविधाहरूको मात्र चर्चा गरिएको छ । जसअनुसार संवाद, वक्तृता, मनोवाद, वादविवाद र एकाङ्की जस्ता उपविधाहरू समाविष्ट छन् । ती उपविधा शिक्षणको सामान्य प्रयोजन एउटै रहे पनि विशिष्ट प्रयोजन भने अलग अलग रहेका हुन्छन् । विधा-उपविधा शिक्षणको सामान्य प्रयोजन भाषिक सिप विकास गराई बोध र अभिव्यक्ति क्षमतामा दक्ष बनाउनु नै हो । यसका साथै भाषाको चौतर्फी विकास गरी समय सन्दर्भ र परिस्थितिअनुसार प्रयोग गर्न सक्ने क्षमताको विकास गराउनु नै विधा शिक्षणको सामान्य प्रयोजन हो । माध्यमिक तहका वर्तमान पाठ्यक्रमले रूपक विधाअन्तर्गतका संवाद, वक्तृता, मनोवाद, वादविवाद, एकाङ्की जस्ता उपविधाहरू समावेश गरेका छन् । यी उपविधाहरूबाट बोलाइ सिपको विकासमा सहयोग पुग्ने भए पनि यिनीहरूको आ-आफ्नै विशिष्टता रहेको छ । यी उपविधाका भिन्न प्रकृति र स्वरूपअनुसार यिनका शिक्षण प्रयोजनमा पनि सूक्ष्म भिन्नता देखिन्छन् । त्यसैले यिनीहरूको शिक्षण प्रयोजनको अलगअलग चर्चा गर्नु आवश्यक देखिन्छः

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

**संवाद :** संवाद रूपक विधाको प्रारम्भिक ज्ञान दिने विधा हो । कुनै खास विषयमा दुई वा दुईभन्दा बढी व्यक्तिहरूबिच भएको कुराकानीलाई संवाद भन्ने गरिन्छ । दुई वा सोभन्दा बढी पात्रका बिचमा हुने अन्तरक्रियालाई संवाद भनिन्छ । संवाद पात्र–पात्रका बिचको एक–आपसको वार्तालापको प्रस्तुतिमात्र नभएर सम्प्रेषणको माध्यम पनि हो (भण्डारी र अन्य, २०६६, पृ.२४) । कुनै विषय प्रसङ्गमा दुई वा दुईभन्दा बढी व्यक्तिहरू बिच औपचारिक र स्वाभाविक वातावरणमा हुने कुराकानी वा छलफलाई संवाद भनिन्छ (पोखरेल र काफ्ले, २०७४, पृ.३२) । संवाद शिक्षणले व्यक्तिमा हाउभाउपूर्ण तरिकाले आफ्ना भनाइहरू अरूका सामु राख्ने कला विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यसमा सरल सहज र स्वाभाविक भाषाको प्रयोग हुनुपर्छ । विषय र प्रसङ्ग अनुकूलको भाषेतर कार्यकलाप पनि यसमा अपेक्षित हुन्छ । लेखिएका संवादलाई हाउभाउका साथ प्रस्तुत गर्ने सिपको विकासका लागि यसको उपयोग गरिन्छ । बारम्बार संवादमा सरिक गराउँदा सहजता र स्वाभाविकताका साथ संवाद गर्न सक्ने बानी विकसित हुन्छ । यसरी समग्रमा भन्दा खास विषय प्रसङ्गमा दुई वा दुई भन्दा बढी व्यक्तिहरू बिच औपचारिक र स्वाभाविक वातावरणमा हुने कुराकानी वा छलफललाई संवाद भनिन्छ । संवाद बोलाइ सिपसँग सम्बन्धित भएकोले भाषाको मौखिक अभिव्यक्ति क्षमताको विकास गर्नु; उपयुक्त हाउभाउ, चेस्टा, अभिनय आदिको ख्याल गरी सुन्न, बुझ्न र वर्णन गर्न सक्ने क्षमताको विकास गराउन; बोधप्रश्नोत्तर, शब्दभण्डार र व्याकरणिक प्रयोग पक्षमा सघाउन; संवादको रचना गर्न सक्ने क्षमताको विकास गराउन; मानवका विभिन्न चरित्रबारे जानकारी प्रदान गर्न; मनोरञ्जन प्रदान गर्दै आफैँ गरेर सिक्ने बानी बसाल्न माध्यमिक तहमा संवाद शिक्षण गरिएको पाइन्छ ।

**वक्तृता :** वक्ताको प्रभावकारी बोली वा वाणीको कौशललाई वक्तृता भनिन्छ । यो पनि मौखिक अभिव्यक्तिसँग सम्बन्धित छ । भाषण, प्रवचन, व्याख्यान आदि यसका उदाहरण हुन् । यसमा पनि भाषेतर पक्षको महत्त्वपूर्ण भूमिका रहन्छ । स्रोताको परिस्थिति समयअनुसार आफ्नो विचारहरू प्रभावशाली रूपमा प्रस्तुत गर्ने काम वक्तृताबाट सम्भव छ (पोखरेल र काफ्ले, २०७४, पृ.३६) । यसरी कुनै खास विषयमा आफूले पढेका सुनेका र अनुभव गरेका कुराहरूलाई सिलसिलाबद्ध रूपमा व्यक्त गर्ने काम नै वक्तृता हो । बोलीमा निर्भीकता, स्पष्टता र सुगठित अभिव्यक्तिको विकास गर्न, वाक कौशल हासिल गरी जीवनलाई समृद्ध पार्न वक्तृता कलाको शिक्षण गरिन्छ (पौडेल, २०७६, पृ.४५) जतिसुकै धेरै पढेको र अनुभव आर्जन गरेको व्यक्ति भए पनि उसमा आफ्नो ज्ञान प्रभावकारी ढङ्गले मौखिक रूपमा अभिव्यक्त गर्ने क्षमता छैन भने उसको व्यक्तित्व सर्वसाधारणसम्म सजिलै सार्वजनिक बन्न सक्तैन । त्यसैले यसलाई पनि हाउभाउपूर्ण मौलिक अभिव्यक्तिको विकास गर्ने रूपक विधाअन्तर्गत लिन सकिन्छ ।

मानवीय जीवनसम्बन्धी अन्तर्बाह्य परिवेशका घटना, भावना र अनुभवलाई प्रभावशाली कथ्य अभिव्यक्तिका माध्यमले तृप्ति वा सन्तुष्टि प्राप्त गर्ने क्षमता दिलाउन; विद्यार्थीको वाक् कौशलको विकास गरी कुशल आत्मप्रर्दशन गर्न सक्ने क्षमताको विकास गराउन; वाक्कलामा निपुणता हासिल गराउन, वक्तालाई निश्चित विषयमा केन्द्रित भई तार्किक ढङ्गले आफ्ना भनाइहरू प्रस्तुत गर्ने बानीको विकास गराउन; श्रोता वा दर्शकलाई विषय प्रसङ्ग अनुकूल प्रभावित गराउन; भाषिक र भाषेत्तर पक्षको सफल रूपमा उपयोग गराउन; नेता, शिक्षक, प्रशिक्षक जस्ता व्यक्तिहरूमा नेतृत्वदायी क्षमता विकास गराउन; आफ्नो अभिव्यक्ति कौशलबाट श्रोता दर्शकहरूलाई प्रभावित पारी आत्मविश्वासी व्यक्तित्व निर्माणमा बल पुऱ्याउन; समग्रमा भाषाका बोलाइ, पढाइ, लेखाइ (बढी बोलाइ) सिपको विकास गराउन; कुनै पनि विषय र प्रसङ्गमा उदाहरण सहित स्वतःस्फूर्त रूपमा आफ्ना अभिव्यक्तिहरू राख्न सक्ने क्षमताको विकास गराउन; वक्तृताको महत्त्वपूर्ण बुँदा टिपोट गर्न र सारांश लेख्न; मौखिक अभिव्यक्ति शैलीको परिष्कार गरी मौलिक,

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
कल्पनाशील, तार्किक, समीक्षात्मक र सिर्जनशील अभिव्यक्ति क्षमता विकास गर्न माध्यमिक तहमा वक्तृता विधालाई समावेश गरिएको पाइन्छ । यी पक्षमा विद्यार्थीलाई दक्ष बनाउनु माध्यमिक तहमा वक्तृताको मुख्य प्रयोजन हो ।

**मनोवाद :** मनोवाद भनेको व्यक्तिले एक्लै आफूले आफैँसँग अरूले नसुन्ने गरी मनमनै गर्ने कुराकानी हो । मनोवादमा अभिनयात्मक पक्ष पनि हुने भएकाले यसलाई पनि पाठ्यक्रमले रूपक विधाअन्तर्गत समावेश गरेको छ । खास किसिमका घटना, परिस्थिति र अवस्थमा व्यक्तिका सोचाइ, धारणा र उसले खेल्ने भूमिकालाई मूलतः भाषेतर क्रियाकलापद्वारा प्रस्तुत गर्नु मनोवाद हो (ढकाल, २०७४, पृ.५२) , यसरी कुनै विषयमा एक्लै गरिने विचारविमर्श, तर्कविर्तक मनोवाद हो । यो निजात्मक र अभिनयात्मक अभिव्यक्ति हो । विभिन्न सम्भावनाहरूबारे एक्लै सोच्ने अवस्थाको चित्रण मनोवादमा हुन्छ । मनोवादमा व्यिक्तको मनका भुटभुटी, छटपटी र हुटहुटीहरू एकोहोरो ढङ्गले व्यक्त गरिने हुनाले यसलाई एकलाप पनि भन्न सकिन्छ । मनोवाद पनि नाटकीय अभिव्यक्ति भएकाले यसमा मनोवादको विषय र प्रस्तुतिअनुसार चरित्र वा पात्रको शारीरिक हाउभाउ वा अभिनयलाई पनि कोष्ठकमा प्रस्तुत गर्नु पर्छ । यसमा मानसिक र संवेगात्मक उत्तरचढाव बढी रहन्छ । यसरी खास किसिमका घटना, परिस्थिति र अवस्थामा व्यात्तिका सोचाइ, धारण र उसले खेल्ने भूमिकालाई मूलतः भाषेतर क्रियाकलापद्वारा प्रस्तुत गर्नु मनोवाद हो । यसमा भाषिक क्रियाकलाप गौण हुन्छ । यसमा व्यक्ति आत्मकेन्द्रित हुन्छ ।

आफैँले अनुभव गरेको प्रसङ्ग वा घटनालाई लिएर मूक अभिनयात्मक ढङ्गले व्यक्त गर्ने क्षमताको विकास गर्नु मनोवादको प्रयोजन हो । त्यसै गरी कल्पना शक्तिमा तीव्रता ल्याई आत्म समीक्षा गर्ने बानीको विकास गर्न; भाषेत्तर पक्षमा कुशलता ल्याउन; निश्चित अवस्थामा आउने सोचाइ धारणलाई विशेष गरी भाषेत्तर क्रियाकलापमार्फत प्रस्तुति गर्न सक्ने क्षमताको विकास गराउन; आरोह अवरोहपूर्ण स्थितिको अभिव्यक्ति प्रकट गर्ने क्षमता विकास गराउन; मनोवादको स्वरूप र ढाँचासँग परिचित भई सोहीअनुसार रचना गराउन; आफैँले अनुभव गरेको प्रसङ्ग वा घटनालाई लिएर मूल अभिनय गर्न सक्ने बनाउन; मनोवादसम्बन्धी संक्षिप्त समीक्षात्मक प्रश्नको उत्तर दिन र विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न सक्ने क्षमताको विकास गर्न माध्यमिक तहमा मनोवादलाई समावेश गरिएको पाइन्छ । यी पक्षमा विद्यार्थीलाई दक्ष बनाउनु माध्यमिक तहमा मनोवादको मुख्य प्रयोजन हो ।

**वादविवाद :** तार्किक वा बौद्धिक खालको मौखिक अभिव्यक्तिसँग सम्बन्धित रूपक विधालाई वादविवाद भनिन्छ । विवादित विषयवस्तुका पक्ष र विपक्षमा रहेर तार्किक अभिव्यक्ति दिनु वादविवादको मौलिक विशेषता हो । यसमा भाषेतर पक्षको पनि महत्त्वपूर्ण भूमिका रहन्छ (पोखरेल र काफ्ले, २०७४, पृ.३३) । यो पनि मौखिक अभिव्यक्तिसँग सम्बन्धित छ । संवादपछि रूपकसम्बन्धी ज्ञानदिने उपविधा वादविवाद हो । यसमा आफ्नो पक्षको कुरालाई तर्कपूर्ण पुष्टि गर्ने र विपक्षका कुरालाई तर्कपूर्ण रूपमा विरोध गर्ने वा असहमति जनाउने भएको हुँदा यो संवादभन्दा बढी औपचारिक, बौद्धिक र तार्किक विधा हो । यसमा भाषेतर हाउभाउ, चेष्टा, मुखमुद्रा र अङ्ग सञ्चालनका जीवन्त प्रक्रिया अँगालेर आफ्नो पक्षको गहन प्रक्षेपण र विपक्षको शिष्ट खण्डन गर्नु वादविवादको विशेषता हो (पौडेल, २०७९, पृ. १८) । वादविवाद शिक्षणले अरूको कुरा सुन्ने साथै कुशल र हाउभाउपूर्ण तरिकाले त्यसको खण्डनमण्डन (समर्थन) गर्न सक्ने क्षमताको विकास गराउँछ । यसरी कुनै विषयको मूलभाव पत्ता लगाउनको लागि आफ्ना बुँदाको समर्थन र विपक्षीका बुँदाको खण्डन गरिने प्रतियोगितालाई नै वादविवाद भनिन्छ ।

भाषाका बोध र अभिव्यक्ति क्षमताको अभिवृद्धि गर्न; आफ्नो विचारलाई तार्किक र बौद्धिक रूपमा प्रस्तुत गराउन; विद्यार्थीमा खण्डनमण्डन सिपको विकास गराउन; विवादास्पद कुराभित्र पनि सभ्यता र शिष्टता खोज्न

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

सिकाउनु; भाषेतर पक्षको स्वाभाविक उपयोग गराउन; अरूको विचार खण्डन गरी आफ्नो विचार प्रभावकारी रूपमा राख्न सक्ने क्षमताको विकास गराउन; शब्दभण्डारको विकास गर्न; सङ्कोच हटाई विषय वस्तुको गहिराइ तथा चिन्तन गर्ने क्षमताको विकास गराउन; कुनै पनि विषयको मूल कुरा पत्ता लगाई त्यसको पक्ष र विपक्षमा आफ्नो विचार प्रस्तुत गराउन; उच्चारण, शब्दार्थ शिक्षण, पठनबोध र वादविवाद लेखन आदिका तहमा प्रशस्त अभ्यास गराउन माध्यमिक तहमा वादविवादलाई समावेश गरिएको पाइन्छ । यी पक्षमा विद्यार्थीलाई दक्ष बनाउनु माध्यमिक तहमा वादविवादको मुख्य प्रयोजन हो ।

**एकाङ्की :** एकाङ्की श्रव्यदृश्यात्मक अभिनय विधा हो । यसमा नाटकीय अभिनयद्वारा श्रोता दर्शकलाई आनन्दानुभूति गराउने काम गरिन्छ । अभिनयात्मक र तत्त्वगत दृष्टिले एकाङ्की नाटकको समकक्षी भए पनि विषय, पात्र, अङ्क, समय, भाव, उद्देश्यका दृष्टिले भने सीमित रहन्छ (पोखरेल र काफ्ले, २०७४, पृ.३७) । विषय प्रसङ्ग, दर्शक, श्रोता, परिस्थिति र अवस्थाअनुसार बोलाइमा लयात्मकता, हाउभाउ आदिलाई ख्याल गरी अभिव्यक्ति दिन सक्ने क्षमता विकास गर्नु एकाङ्कीको उद्देश्य हो । विभिन्न पात्रहरूद्वारा खास विषयमा केन्द्रित भएर नाटकीय अभिनयका साथ भूमिका प्रदर्शन गरी श्रोता वा दर्शकलाई मनोविनद दिलाउदै नैतिक शिक्षा र सन्देश प्रवाहित गर्नु एकाङ्कीको मुख्य लक्ष्य हो (पौडेल, २०७९, पृ.२१) । त्यसैले एकाङ्की अभिनयात्मक र संवादात्मक विधा हो । यो नाटक जस्तै रूपकको एक भेद हो । माध्यमिक तहका विद्यार्थीका लागि नाटक अलि विस्तृत वा लामो हुने भएकाले एकाङ्की विधा राखिएको पाइन्छ ।

एकाङ्की शिक्षणको प्रयोजन अन्य विधाहरूमा जस्तै भाषाको ग्रहण र अभिव्यक्ति सिप र विविध भाषिक पक्षहरूको विकासमा सहयोग पुर्‍याउनु हो । यसैगरी विषय प्रसङ्ग, दर्शक, श्रोता, समय र परिस्थितिअनुरूपको प्रभावकारी अभिनय क्षमताको प्रवर्धन गर्नु; हाउभाउ, मुखमुद्रा सहित मौखिक अभिव्यक्ति गर्न; अभिव्यक्तिगत विशेषतासँग परिचित गराउँदै विद्यार्थीको चौतर्फी विकास गराउन; परिस्थितिअनुसार भाषाको प्रयोग गर्न सक्ने बनाउन; एकाङ्कीमा प्रयुक्त भाव बुझी सोअनुसार अभिव्यक्ति क्षमताको विकास गराउन; कसैको बानी, व्यवहार, स्वभाव, रूप र चरित्रलाई जस्ताको तस्तै रूपमा अभिनयद्वारा (बोली–वचन, व्यवहार, पहिरन र हाउभाउद्वारा) प्रस्तुत गर्न सक्ने क्षमताको विकास गराउन; आफ्नो वा कुनै चरित्रको भाषिक र भाषेतर (मुखमुद्रा, हाउभाउ, अङ्ग सञ्चालन) व्यवहारलाई प्रसङ्गअनुकूल प्रस्तुत गर्न; आफ्ना विचार र भावलाई श्रोतासामु सजीव र प्रभावकारी रूपमा प्रस्तुत गर्न; अर्काको अनुकरण गरी स्वस्थ मनोरञ्जन प्रदान गर्न; सङ्कोच हटाई हाउभाउ र भावभङ्गी सहित बोल्न; शब्दभण्डार र भाषातत्त्व वृद्धि गर्न; मानवका विभिन्न चरित्रबारे जानकारी प्रदान गर्न; विभिन्न शैलीको संवाद र सङ्कथन शिक्षण गर्न; समाजका विविध चिन्तन विचार दर्शन, संस्कृति र इतिहाससम्बन्धी जानकारी दिन; एकाङ्की वाचन, उच्चारण शब्दार्थ, वाक्यरचना, बोधात्मक प्रश्नोत्तर, समीक्षाका साथै एकाङ्की रचना गर्न सक्षम बनाउन माध्यमिक तहमा एकाङ्कीलाई समावेश गरिएको पाइन्छ । यी पक्षमा विद्यार्थीलाई दक्ष बनाउनु माध्यमिक तहमा एकाङ्कीको मुख्य प्रयोजन हो ।

## निष्कर्ष

माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको मुख्य उद्देश्य विषयवस्तुको शिक्षण नभएर भाषिक सिपहरूको शिक्षण हो । भाषिक सिप भनेको सुनाइ, बोलाइ, पढाइ र लेखाइ हो । यसरी कुनै पनि भाषामा दक्ष हुनका लागि त्यस भाषामा सुन्न, बोल्न, पढ्न र लेख्न सक्षम हुनुपर्छ । त्यसैले भाषाका यस्ता सिपहरूमा दक्ष बनाउन एउटा मात्र विषयवस्तुबाट प्रभावकारी नहुने भएकाले भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू समेटिएको हुन्छ । भाषा

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
पाठ्यपुस्तकमा राखिएका विधा वा उपविधालाई  सामान्य र विशिष्ट गरी दुई दृष्टिले उपयोगमा ल्याउन सकिन्छ । पाठ्यपुस्तकमा समाविष्ट सबै विधाहरू सामान्यत सबै भाषिक सिप विकासका लागि प्रयोग गर्न सकिन्छ । यसो भन्नुको अर्थ प्रत्येक विधा एवम् उपविधाबाट केही न केही रूपमा सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता चारैवटा भाषिक कुशलता विकासका लागि कार्यकलाप गराउन सकिन्छ, तर पनि उक्त विधाहरूको प्रकृति र विशेषताहरूलाई हेर्दा प्रत्येकको आआफनै मुख्य प्रयोजन रहेको पाइन्छ ।

विधा भन्नाले शैलीगत भिन्नता वा त्यसबाट छुट्टिने प्रकार भन्ने बुझिन्छ । रूपक भनेको अर्काको अनुकरणात्मक प्रतिनिधित्व गरेर रूप वेशभूषा, व्यवहार बोली, हाउभाउ, आनीबानी, स्वभाव र चारित्रिक विशेषताहरूको अभिनय गरेर देखाउने किसिमको श्रव्यदृश्यात्मक विधा हो । यसरी भाषाका विभिन्न सिप, शैली र प्रयोग शिक्षणका लागि विद्यालय तहमा विधा शिक्षणको आवश्यकता देखिन्छ । यसरी भाषा पाठ्यपुस्तकमा भएका विधा वा विषयवस्तुको मूल प्रयोजन विषयगत ज्ञान नभएर भाषिक सिप शिक्षण नै हो । विद्यार्थीहरूमा बोलाइ सिपको प्रभावकारी विकासका लागि रूपक विधाको आवश्यक्ता पर्छ । यहाँ वर्तमान नेपाली भाषाको पाठ्यक्रम २०७८अनुसार कक्षा ९ र १० मा समाविष्ट रूपक विधा र त्यसअन्तर्गत पर्ने संवाद, वक्तृता, मनोवाद, वादविवाद र एकाङ्की जस्ता उपविधाहरूको मात्र चर्चा गरिएको छ । यी उपविधाहरूको माध्यमबाट विद्यार्थीहरूले कहाँ, कसरी, के बोल्ने; कुन कुरा कसरी पढ्ने वा वाचन गर्ने, कसरी लेख्ने र अर्काले भनेको कुरा सुनेर बुझ्ने, आफ्नो विचारलाई तार्किक र बौद्धिक रूपमा प्रस्तुत गर्न, भाषिक र भाषेतर माध्यमद्वारा आफ्नो अभिव्यक्ति गर्ने, मूक अभिनयद्वारा व्यक्तिको मनस्थितिलाई उद्घाटन गराउने क्षमताको विकास गराउनु नै रूपक शिक्षणको मुख्य प्रयोजन हो । त्यसैले भाषा शिक्षणको लागि विभिन्न रूपकविधा शिक्षण गर्नु परेको हो । यसरी समय, सन्दर्भ, परिस्थितिअनुसार माध्यमिक तहका विद्यार्थीहरूमा भाषिक अभिव्यक्ति वा बोलाइ सिपको शुद्ध र प्रभावकारी प्रयोग गर्न सक्ने क्षमताको विकास गराउनु नै विद्यालय तहमा रूपक विधा शिक्षणको मुख्य प्रयोजन हो ।

## सन्दर्भसामग्री

ढकाल, शान्ति प्रसाद (२०७४), *नेपाली भाषा शिक्षणः परिचय र प्रयोग,* पिनाकल पब्लिकेसन प्रा. लि. ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), *माध्यमिक शिक्षा पाठ्यक्रम,* नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७३), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७४), *नेपाली भाषाशिक्षण,* क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. ।

पौडेल, माधव प्रसाद (२०७६), *नेपाली भाषा शिक्षण,* विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, माधव प्रसाद (२०७६), *भाषिक विधा शिक्षण,* विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, माधव प्रसाद (२०७९), *भाषिक विधा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

बराल, मदनराज (२०७४), *नेपाली भाषाशिक्षण,* एन् बि डि प्रकाशन ।

भण्डारी र अन्य (२०६६), *नेपाली नाटक, एकाङ्की र निबन्ध,* विद्यार्थी पुस्तक भण्डार ।

राई, इन्दिरा (२०७९), माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा समाविष्ट विधाहरू र शिक्षण प्रक्रिया, *ज्ञानदीप,* वर्ष ९, अङ्क ५, पृपृ.८२–१० ४ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*